# शुक्लाँफाटा नगरपालिका
## नगर कार्यापालिकाको कार्यालय
*झलारी,कन्चनपुर*

वोलपत्र आव्हानको सूचना

**( प्रथम पटक प्रकाशित मिति २०७५।१०।०६ )**

यस कार्यालयवाट निम्न वमोजिमको निर्माण कार्य सिलवन्दी वोलपत्रको माध्यमवाट सम्पन्न गर्नु पर्ने भएको हुदा नेपाल सरकारवाट ईजाजत प्राप्त ईच्छुक निर्माण व्यवसायीहरुवाट निम्न लिखित शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलवन्दी वोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. वोलपत्र सम्वन्धि कागजातहरु यो सुचना प्रथम पटक प्रकासित भएको मितिले ३० औ दिनको कार्यालय समय भित्र यस कार्यालयवाट चालु आर्थिक वर्षका लागि नविकरण भएको ईजाजतपत्र, स्थायि लेखा दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाणपत्र र आ.व. २०७४।०७५ को कर चुक्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी वा कर विवरण वुझाउन सम्वन्धित आन्तरिक राजश्व कार्यालयको म्याद थप पत्रको प्रतिलिपी सलग्न राखि निवेदन साथ रु.३०००।०० **(पछी फिर्ता नहुने गरी** ) तिरी खरिद गर्न सकिनेछ ।

२. बालेपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा कागजात बोलपत्रसाथ पेश गर्नु पर्ने छ ।

३. खरिद गरेको वोलपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१औं दिनको १२.०० बजे सम्म यस कार्यलयको नाममा सम्वोधन गरी ठेक्का नं., कामको विवरण, बोलपत्रदाताको नाम र ठेगाना स्पष्ट खुलाई फर्मको छाप सहित सिलबन्दी लाहाछाप गरेर पेश गर्नुपर्ने छ । दर्ता भएका वोलपत्रहरु कार्यालय प्रतिनिधि तथा वोलपत्रदाता वा निजहरुका प्रतिनिधिहरुको रोहवरमा सोही दिनको अपरान्ह २.०० वजे खोलिने छ । वोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थीत नभएर्पान वोलपत्र खोल्ने कार्यमा वाधा पर्ने छैन ।

४. धरौटी वापत शुक्लाफाटा नगरपालिका कार्यालयको श्री एभरेष्ट वैक लि.झलारी शाखामा रहेको धरौटी खाता नं. ०५९१०१०५२००००३ मा **रकम** नगदै जम्मा गरेको सक्कल वैक भौचर वा वोलपत्र दाखिला गर्ने अन्तिम मितिवाट **कम्तीमा १२० दिन** म्याद भएको मान्यता प्राप्त वाणिज्य वैंकवाट यस कार्यालयको नाउमा जारि भएको विडवण्ड बोलपत्र साथ पेश गर्नु पर्नेछ

५. बोलपत्र शर्त रहित, केरमेट नभएको, यस कार्यालयले उपलब्ध गराएको बोलपत्र पुस्तिकामा कुनै थप घट वा द्रष्टव्य नलेखेको हुनुपर्नेछ, समय भित्र प्राप्त नभएको, रीत नपुगेको, सूचनाको शर्त विपरित भएको बोलपत्र माथि कुनै कारवाही हुने छैन ।

६. बोलपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माण स्थल र कामको सम्बन्धमा राम्रोसँग बुझी, हेरी साइट निरीक्षण गरी बोलपत्र भरेको मानिने छ ।

७. एक व्यक्ति वा फर्मको नाममा खरिद भएको बोलपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

८. बोलपत्र भर्दा दररेट स्पष्ट रुपमा अक्षर र अंकमा उल्लेख गर्नु पर्नेछ । अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा लेखिएको लाई मान्यता दिइनेछ ।

९. बोलपत्र खरीद गर्ने वा दाखिला गर्ने अन्तिम दिन विदा परेमा उक्त कार्यहरु क्रमश: लगत्तै कार्यालय खुलेको दिन हुनेछ ।

१०. कुनै पनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने, नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११. बोलपत्र सम्वन्धमा अन्य कुराहरु वुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राखी वुझ्न सकिनेछ ।

१२. बोलपत्र पेश गर्नु पूर्वको बैठक मिति २०७५।१०।२७ गतेको दिनको १२:०० बजे यस कार्यालयमा हुने भएकोले बोलपत्रदाता सोही दिन सोही समयमा उपस्थित हुन जानकारी गरिन्छ ।

१३. कुनै कारण ठेक्काले रद्द भएमा बोलपत्रदाताले कुनै किसिमको क्षतिपूर्ति दाबी गर्न पाउने छैन ।

१४. बोलपत्र सम्बन्धी यस सूचनामा नपरेका अन्य कार्यविधि, सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) अनुसार हुनेछ । बोलपत्र सम्बन्धी अन्य व्यवस्थाहरु बोलपत्र कागजातमा उल्लेख भएको विशेष शर्त तथा साधरण शर्तमा उल्लेख भए बमोजिम हुनेछ ।

१५. यस सूचनामा कुनै संशोधन भएमा त्यसको जनकारी यस कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ । कामको विवरण निम्अनुसारको छ ।

**वोलपत्र सम्वन्धी विवरण**

| सि. नं. | ठेक्का नम्वर | कामको विवरण | धरौटी रकम रु. | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|
| १ | १४।२०७५।७६ | वडा नं. १ बाटो कालोपत्रे गर्ने कार्य | ५२,३००। | २०७५।११।०६ | २०७५।११।०७ |
| २ | १५।२०७५।७६ | वडा नं. ६ बाटो कालोपत्रे गर्ने कार्य | ५२,१००। | २०७५।११।०६ | २०७५।११।०७ |
| ३ | १६।२०७५।७६ | वडा नं. ७ बाटो कालोपत्रे गर्ने कार्य | ७८,१००। | २०७५।११।०६ | २०७५।११।०७ |

**प्रमुख प्रशासकीय अधिकृत**